# काभ्रे बहुमुखी क्याम्पस

बनेपा-६, बुडोल, काभ्रे

## E-Bidding कक्षा कोठा निर्माण कार्य (फिनिसिङ्ग) को बोलपत्र आह्वान सम्बन्धी सुचना

(नेपाल समाचार पत्र, राष्ट्रिय दैनिकबाट प्रथम पटक प्रकाशित मिति २०७६।०३।२४)

यस काभ्रे बहुमुखी क्याम्पसमा निम्न बमोजिम कक्षा कोठा निर्माण (फिनिसिङ) कार्य E-Bidding मार्फत गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरूले निम्न शर्तहरूको अधिनमा रहि रितपुर्वकको बोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

१. यो सुचना प्रकाशित भएको मिति देखि ३० औं दिनको कार्यालय समयभित्र बोलपत्र फाराम PPMO को Website www.bolpatra.gov.np/egp बाट Download गरी प्राप्त गर्न सकिने छ ।

२. सुचना प्रकाशित भएको मितिले ३१ दिन, दिनको १२:०० बजेभित्र बोलपत्र फारामका साथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था या कम्पनि दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व २०७४/०७५ को कर चुक्ताको प्रमाणपत्र वा आर्थिक बर्ष २०७४/०७५ को कर आय विवरण पेश गरेको प्रमाणित कागजात, Bid Submission Form, बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक बनेपा शाखामा रहेको चल्ति खाता नं. १८१०००००२७०१ (Bid Document Purchase) मा जम्मा गरेको भौचर (रकम फिर्ता नहुने) एवंम जमानत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक बनेपा शाखामा रहेको १८१०००००२७०१ (Bid Security) मा रकम जम्मा गरेका भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको जमानतपत्र (विडबन्ड) सहित आवश्यक अन्य कागजातहरू समेत Scanning गरी तोकिएको Format मा बोलपत्र साथ Upload गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, वा विडवन्डको सूचना प्रकाशित भएको मिति पश्चातकोलाई मात्र मान्यता दिईनेछ ।

३. बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा बोलपत्र फारामको Evaluation Qualification Criteria मा उल्लेख भएका कागजातहरू समेत अनिवार्य रूपमा Upload गर्नुपर्ने छ । उक्त कागजातहरू पेश नगर्ने बोलपत्रदातालाई मान्यता दिइने छैन ।

४. कार्यालयले Bid document (Hard Copy) उपलब्ध गराउने छैन एवं कुनै बोलपत्रदाताले Download गरी Hard Copy दाखिला गर्न आएमा त्यसको बोलपत्रलाई कार्यालयले स्वीकार गर्ने छैन ।

५. E-Bidding मार्फत बोलपत्र दाखिला गरेका बोलपत्रदाताहरूले बोलपत्र दाखिला गर्ने अन्तिम दिनदेखि ७ (सात) दिनभित्र अनिवार्य रूपमा सक्कल कागजातहरू कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ ।

६. दर्ता हुन आएका बोलपत्रहरू फारामहरू दर्ता गर्ने अन्तिम मितिमा दिनको १४:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरू वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिने छ तर निजहरूको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरू विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

७. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघिआएका बोलपत्र उपर कुनै कारबाही गरीने छैन ।

८. बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय (बिहान ७:०० बजेदेखि ११:०० बजे र दिउँसो १:०० बजेदेखि ३:०० बजे) सम्म सम्पर्क राख्न सकिने छ । (उद्धब श्रेष्ठ ९८४१४४४९०९)

१०. यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ (संशोधनसहित) प्रचलित ऐन नियम अनुसार हुनेछ ।

निर्माण कार्यको बिवरण निम्नानुसार रहेको छ ।

| सिनं. | ठेक्का नं. | विवरण | बोलपत्र फारम खरिद दस्दुर रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | HERP/UGC/Kabhre-Work-NCB-10 | कक्षाकोठा निर्माण (फिनिसिङ) | ३,०००।- (तीन हजार मात्र) | १,८६,५००।- (एक लाख छयासी हजार पाँच सय मात्र) |

- क्याम्पस प्रमुख